आज मिति २०७८ साल माघ २९ गते शनिवारको दिन आमचोक गाँउपालिका अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा वसेको गाउँकार्यपालिकाको वैठक देहाय बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

उपस्थिति

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री डम्बर बहादुर कार्की | |
| ४ | सदस्य | श्री भिम प्रसाद राई | |
| ५ | सदस्य | श्री गणेश बहादु खत्री | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ९ | सदस्य | श्री राज कुमार राई | |
| १० | सदस्य | श्री उदिमान श्रेष्ठ | |
| ११ | सदस्य | श्री बम बहादुर श्रेष्ठ | |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री तुलसीमाया ठाडा मगर | |
| १४ | सदस्य | श्री पवित्र राई | |
| १५ | सदस्य | श्री शुकमाया राई | |
| १६ | सदस्य | श्री अमर बहादुर वि.क. | |
| १७ | सदस्य | श्री लक्ष्मण हायु | |
| १८ | सचिव | श्री धन कुमार राई | |
| १९ | प्रशासन शाखा | श्री गणेश राई | |
| २० | | | |

प्रमुख प्रशासकीय अधिकृत
२०७८/१०/२९

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बालंखा, भोजपुर
१ नं. प्रदेश, नेपाल

०७८/१०/२९
अशोक राई
अध्यक्ष

**प्रस्तावहरु**

१. माननीय अर्थ मन्त्री ज्यूलाई ज्ञापन पत्र पेश सम्वन्धमा
२. स्वास्थ्य तर्फको करार कर्मचारीहरुको म्याद थप सम्वन्धमा
३. छुवाछूट मुक्त स्वघोषणा कार्यक्रम सम्वन्धमा
४. कोभिड १९ रोकथामको लागि औषधि ,मास्क ,स्यानिटाईजर खरीद गर्ने सम्वन्धमा ।
५. औषधी खरीद सम्वन्धमा
६. स्वास्थ्य संस्थाको लागि फर्निचर खरीद सम्वन्धमा
७.स्वास्थ्य चौकी भवन निर्माणको सिफारीस सम्वन्धमा
८. आर्थिक सहयोग सम्वन्धमा

प्रस्ताव नं.१ माथि छलफल भइ मिति २०७८ फाल्गुन १ गते छुवाछूट मुक्त स्वघोषणा कार्यक्रममा आउनु हुने प्रमुख अतिथी नेपाल सरकारको अर्थ मन्त्री माननीय जनार्दन शर्मा (प्रभाकर) ज्यूलाई तपशिल वमोजिमको योजनहरुको माग सहित ज्ञापन पत्र पेश गर्ने ।

तपशिल

(क) रानीटार पक्की पुलको निरन्तरता
(ख) रानीटार- पाँचा-नागी-चखेवा सडक कालोपत्रे
(ग) आमचोक गाउँपालिका भरी विद्युतिकरण
(घ) चण्डेश्वर मा.वि.वालंखामा स्नातक तह कक्षा संचालन
(ङ) वयाङ-दुम्रेदेखि हैखराङ्ग-हसनपुर-चुहार सडक कालोपत्रे
(च) शित भण्डार गृह निर्माण

प्रस्ताव नं.२ माथि छलफल भइ कोभिड -१९ अस्थायी अस्पतालमा कार्यरत जनशक्तिको पारिश्रमिक भुक्तानि शिर्षकमा रु ९०००००। प्राप्त भएको हुदा सोहि शिर्षक बाट खाईपाई आएको तलव भत्ता उपलब्ध गराउने गरी कार्यरत तपशिल अनुसारको कर्मचारीहरुको करार समाप्त भएको मिति देखि लागु हुने गरी २०७९ असार मसान्त सम्मको लागि करार सम्झौताको म्याद थप गर्ने ।

| सि.न. | नाम थर | सेवा/समूह | ठेगाना | पद |
|---|---|---|---|---|
| १. | डा. हेम शंकर चौधरी | अस्थायी कोभिड अस्पताल तर्फ | कन्चनपुर ६,सप्तरी | अधिकृत आठौं |
| २. | अस्मिता कार्की | अस्थायी कोभिड अस्पताल तर्फ | आमचोक -६ | स्टाफ नर्स |
| ३. | निर्मला राई | अस्थायी कोभिड अस्पताल तर्फ | खोटेहाङ्ग गापा-१ खोटाङ्ग | स्टाफ नर्स |
| ४. | देवान राई | अस्थायी कोभिड अस्पताल तर्फ | आमचोक-३ | का.स. |

साथै मातृ तथा नव शिशु कार्यक्रम अन्तर्गत कार्यरत अ.न.मि. कन्चनपुर २,सप्तरीका राधाकुमारी चौधारीको करार म्याद समाप्त भएको मितिदेखि लागु हुने गरी २०७९ असार मसान्त सम्मको लागि म्याद थप गर्ने । आवश्यक नपुग रकम रु ७५,८००। स्थानीय तहका स्वास्थ्य चौकी,प्रा.श्व.के र अस्पतालमा कार्यरत कर्मचारीको तलव शिर्षकवाट भुक्तानी दिने ।

प्रस्ताव नं.३ माथि छलफल भइ आमचोक गाउँपालिकालाई मिति २०७८ फाल्गुन १ गते छुवाछूट मुक्त घोषणा गर्नको लागि प्रमुख अतिथि नेपाल सरकारको अर्थमन्त्री माननीय जनार्दन शर्मा प्रभाकर आउनु हुने भएकोले हेली चार्टर खर्च रु.२७००००। (अक्षेरुपी दुइलाख सत्तरी हजार मात्र) नेपाल सरकार राजश्व अनुदान शिर्षक अन्तर्गत विविध शिर्षकवाट भुक्तानी दिने ।

प्रमुख प्रशासकीय अधिकृत
२०७८/१०/२९

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वालंखा, भोजपुर १ नं. प्रदेश,नेपाल

अशोक राई
अध्यक्ष
२०७८/१०/२९

४ कोभिड १९ रोकथामको लागि औषधि ,मास्क ,स्यानिटाईजर खरीद गर्ने सम्वन्धमा ।

प्रस्तुत प्रस्ताव नं. ४ माथि छलफल भई कोभिड अस्पताललाई आवश्यक पर्ने औषधि सोहि प्रयोजनको लागि विनियोजित कोभिड अस्पतालको लागि औषधि खरीद शिर्षकमा रहेको रु ५,००,०००।०० बाट हाललाई माग फारमको आधारमा रु १,००,०००। बराबरको औषधि खरीद गर्ने । साथै मास्क गोटा/स्यानिटाईजर ५००ml बोतल (स्वास्थ्य संस्थाको लागि प्रति स्वास्थ्य संस्था २०००/१५ गोटा को दरले ,वडा कार्यालय लाई १०००गोटा/१० वोतल को दरले र पालिका प्रयोजनको लागि ६०००/५० गोटा उपलब्ध गराउने गरी अनुमानित लागत रु २८८५००।०० बरावरको ४०००० गोटा मास्क र ५००ml को स्यानिटाईजर ३३० वोतल कोभिड १९ व्यवस्थापन स्वास्थ्य उपकरण खरीद तथा ढुवानि शिर्षक बाट खरीद गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ५ माथि छलफल भई नि : शुल्क स्वास्थ्य सेवाको लागि स्वास्थ्य संस्थालाई आवश्यक पर्ने औषधि इटेण्डर गरी खरीद गरि सकिएको र सोहि शिर्षकमा वाँकी वजेट रहेकोले इटेण्डरमा स्वीकृत मुल्य अनुसार नै थप औषधि खरीद गर्ने ।

प्रस्ताव नं. ६ माथि छलफल भई आ.व.२०७८/७९ मा नेपाल सरकार वितिय हस्तान्तरित स्वास्थ्य तर्फको कार्यपालिकाको मिति २०७८ मंसिर ११ गतेको निर्णय वमोजिम विनियोजित स्वास्थ्य संस्थाहरुलाई फर्निचर खरीद तथा ढुवानि शिर्षक अन्तर्तगतको रु.१२ लाखको फर्निचर सार्वजनिक खरीद ऐन २०६३ र नियमावली २०६४ वमोजिम खरीद गर्ने ।

प्रस्ताव नं. ७ माथि छलफल भई आमचोक ३ थिदिंखामा स्वास्थ्य चौकी भवन निर्माणको लागि जिल्ला जनस्वास्थ्य कार्यालय भोजपुरमा सिफारीस गर्ने ।

प्रस्ताव नं. ८ माथि छलफल भइ प्रस्ताव आर्थिक सहायता माग भइ आए वमोजिम तपिशल वमोजिम आर्थिक सहयाता उपलव्ध गराउने ।

(क)आमचोक ४ को पवित्रा चर्चलाई कार्यालय सामान शिर्षकवाट रु.२५०००। (अक्षेरुपी रु.पच्चिस हजार) वरावरको प्लाष्टिक कुर्सि खरीद गरि दिने ।

(ख) आमचोक-८ निवासी श्री भिम वहादुर श्रेष्ठ श्री सरस्वती मावि दुम्माना देखि कार्यालय सहयोगी पदवाट २०७५/१२/३० वाट अनिवार्य अवकास भएको हुँदा विमारी विदा वापत पाउने रकम अन्य सहायता शिर्षकवाट रु.२०,०००। (अक्षेरुपी रु.विसहजार मात्र) उपलव्ध गराउने ।

प्रमुख प्रशासकीय अधिकृत 2078/10/29

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भोजपुर १ नं. प्रदेश नेपाल

2078/10/29

अशोक राई
अध्यक्ष